# कार्यकारी सारांश



**यो रिपोर्टमा, हामीले NYC एशियाली अमेरिकी समुदाय (n=1,270) मा COVID-19 महामारीको प्रभावको परिक्षण गर्ने न्यूयोर्क शहर COVID-19 सामुदायिक स्वास्थ्य स्रोत/साधन र आवश्यकताको मूल्याङ्कन (NYC COVID-19 CHRNA) को निष्कर्षहरू प्रस्तुत गर्छौं। हामी COVID-19 खोप, खाद्य कठिनाइ र खानामा पहुँच, भाषामा पहुँच, आर्थिक प्रभाव, आवास, सार्वजनिक सुविधाहरूमा पहुँच, स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा पहुँच, एशियाली घृणा र भेदभाव विरोधी, र समुदायिक संस्थाहरू (CBO) को सहयोग सहित अन्य प्रमुख क्षेत्रहरूलाई प्रकाशमा ल्याउँछौं।**

NYC COVID-19 CHRNA अन्य NYC जनसंख्यामा आधारित सर्वेक्षणहरू र आवश्यक मूल्याङ्कनहरू भन्दा फरक छ किनभने सर्वेक्षण सहभागीहरूको 54% ले एशियाली भाषामा सर्वेक्षण पुरा गरेका थिए। यो विशेष गरि अङ्ग्रेजी, स्पेनिश र कहिलेकाहीं मन्डारिन भाषामा संचालन गरिएको COVID-19 महामारीको बेलामा NYC मा आधारित अन्य सर्वेक्षणहरूको विपरीत हो। यी भाषाहरूमा मात्र सर्वेक्षण सञ्चालन गर्ने अनपेक्षित परिणाम भनेको उच्च शिक्षा र आय स्तर भएका एशियाली अमेरिकी न्यूयोर्कवासीहरू (जसको सामाजिक र स्वास्थ्य परिणामहरु अरुको भन्दा असल हुन्छ) को अत्यधिक प्रतिनिधित्व हो। न्यू योर्क शहरका एशियाली अमेरिकी समुदायहरूमा अंग्रेजीमा मात्र डाटा सङ्कलन गरिंदा , सामाजिक आवश्यकताहरू अदृश्य रहन्छन्।

COVID-19 महामारीको बेलामा NYC एशियाली अमेरिकी समुदायका लागि हाम्रा मुख्य निष्कर्षहरु यि हुन्:

- COVID-19 खोप स्वीकार गर्नेको दर उच्च छ, तर COVID-19 खोपको पहुँचमा बाधा भइरहेकोछ।
- महामारी हुँदा सहयोगको खाँचो भएकाहरु मध्ये (77%), सबभन्दा धेरैले खानाकोपहुँचमा समस्या भएको बताए(उत्तरदाताहरू मध्ये 51%), त्यसपछि आवास (26%) थियो।
- झण्डै 4 जनामा 1 जना (27%) ले महामारीको बेलामा तिनीहरूले आफ्नो मनपर्ने भाषामा समयमै, सही जानकारीमा नियमित पहुँच थिएन भनेर रिपोर्ट गरे।
- आर्थिक प्रभाव एकदमै नाजुक थियो, जसमा 3 जना मध्ये 1 जनाले आम्दानी गुमाएको (39%) र काममा जान चिन्तित भएको (39%) र 3 जना मध्ये 1 जनाले काम / रोजगार गुमाएको (33%) रिपोर्ट गरेका थिए।
- आधा उत्तरदाताहरू (49%) ले महामारीको बेलामा उनीहरूको जीवनयापनमा समस्या भएको अनुभव गरे। यिनीहरू मध्ये, आधाभन्दा बढी (56%) ले अर्को महिनाको भाडा वा घरको किस्ता कसरी तिर्ने भनेर चिन्तित भएको रिपोर्ट गरे। झण्डै 4 जना मध्ये 1 जना (23%) ले उनीहरूको भाडा वा घरको किस्ता तिर्नमा पछाडि परेको र 5 जना मा 1 जना (19%) ले घरमा झगडा वा हिंसा बढेको रिपोर्ट गरे।
- जम्मा 68% ले बेरोजगारी, मेडिकेड, वा COVID-19 आकस्मिक कोषहरू जस्ता संघीय वा राज्य सुविधाहरूको लागि आवेदन दिएको रिपोर्ट गरे। सुविधाहरुको लागि आवेदन नगर्ने 32% मध्ये, 6% ले आफैले आवेदन भर्न धेरै गाह्रो भएको उल्लेख गरे र 16% ले यी सुविधाहरु उनीहरूका लागि खुला गरिएको बारेमा उनीहरूलाई थाहा नभएको बताए।
- अधिकांश (60%) ले COVID-19 महामारीले कुनै न कुनै तरिकाले उनीहरूको समग्र स्वास्थ्य सेवालाई असर गरेको रिपोर्ट गरे; यी व्यक्तिहरू मध्ये, आधाभन्दा बढी (55%) ले COVID-19 लाग्ने डरले उनीहरूको स्वास्थ्य सेवा प्रदायकको अफिसमा अपोईन्टमेन्टमा नगएको जानकारी दिए।

• 3 जना मध्ये 1 जना भन्दा बढी (35%) ले बच्चा स्कूलमा वा अनलाईन शिक्षा (रिमोट - remote learning) मा भाग लिएको रिपोर्ट गरे। सामान्यतया धेरैजसोले दुर (रिमोट) शिक्षाका चुनौतीहरू मध्ये घरमा परिवारका सदस्यहरू भएकोले वा पढ्ने ठाउँको अभाव (58%) र उच्च-गति इन्टरनेटमा पहुँचको अभाव (28%) ले गर्दा ध्यान केन्द्रित गर्न / अध्ययन गर्न नसकेको बताएका थिए।

• झण्डै 3 जनामा 1 जना (32%) ले भेदभावको सामना गरेको स्तब्ध बनाउने आंकडा रिपोर्ट गरेका छन्। अझ व्यापक रूपमा यी समुदायहरूमा सतर्कता र डर बढेको थियो: 78% ले COVID-19 महामारीसँग सम्बन्धित जातीय भेदभाव वा भेदभावको कारणले उनीहरूको सुरक्षाको लागि डराएको रिपोर्ट गरेका थिए भने 80% ले COVID-19 सँग सम्बन्धित सम्भावित जातीय भेदभाव वा भेदभावको कारणले कुनै न कुनै रूपमा आफ्नो गतिविधिहरू परिवर्तन गरेका थिए। ती परिवर्तन गरिएका गतिविधिहरू मध्ये, 61% ले बाहिर एक्लै हिंड्न वा बाहिर शारीरिक गतिविधिहरू गर्नबाट जोगिएको, 51% ले सार्वजनिक यातायात लिनबाट जोगिएको, र 37% सार्वजनिक स्थानहरूमा जान घर बाहिर निस्कनबाट जोगिएका थिए। धेरैजसो (88% ले अमेरिका उनीहरूको जातीय / जातिगत समूहका मानिसहरूका लागि COVID-19 को डरका कारण शारीरिक रूपमा खतरनाक भएको विश्वास गरेका थिए।

• अत्याधिक बहुमत (74%) ले CBO (सामुदायिक संस्थाहरु) बाट उनीहरूलाई वा उनीहरूको परिवारलाई COVID-19 महामारीको बेलामा सहयोग गरेको रिपोर्ट गरेका छन्। CBO बाट सहयोग प्राप्त गर्नेहरू मध्ये, जानकारी र स्रोतहरू (52%), खानाको डेलिभरि (41%), र सुविधा र कार्यक्रमहरूको लागि आवेदन दिन सहयोग (26%) समावेश छन्।

यी मुद्दाहरूलाई जारी COVID-19 महामारी प्रतिक्रिया र राहत प्रयासहरूमा हाम्रा एशियाली अमेरिकी समुदायहरूलाई बलियो बनाउनको लागि समतामुलक मान्यता र सहयोग, र स्रोतहरू आवश्यक छ। तल, हामीले NYC मा विशेष एशियाली अमेरिकी समुदायहरूलाई सहयोग प्रदान गर्ने अवसरहरूको सुझावहरु प्रस्तुत गर्दछौं।।

हाम्रा साझेदार संस्थाहरूले हाम्रा समुदायका सदस्यहरूलाई समयमै COVID-19 को रोकथाम र रुचाइएको भाषाहरूमा खोपको जानकारी, समुदायहरूको लागि उपलब्ध र उपयुक्त सामाजिक सेवाहरू र सार्वजनिक सुविधाहरूमा लिङ्क गर्न भाषा / दोभाषे सेवाहरू, र खाद्य सुरक्षा वृद्धि गर्न खाद्य सहायताको व्यवस्था सहित आधारभूत आवश्यकताहरूको लागि सहयोग गर्नको लागि द्रुत रूपमा स्रोतहरू उपलब्ध गराउने काम गरेका छन्। यी मुद्दाहरू COVID-19 आकस्मिक प्रतिक्रिया प्रयासहरूमा स्थानीय, राज्य र राष्ट्रिय नेताहरूले वृहत रुपमा सम्बोधन गरेका छैनन्।

**अनुवादको लागि नोट :** हामीले समग्र एशियाली अमेरिकी नमूना (n=1,270) र ति एशियाली जातीय समूहहरूको लागि सर्वेक्षणका परिणामहरू रिपोर्ट गर्छौं जसको लागि हामीसँग सांख्यिकीय रूपमा पर्याप्त नमूना आकार थियो। चिनियाँ (n=742), कोरियाली (n=105), जापानी (n=188), बंगलादेशी (n=74), नेपाली (n=98), र अन्य एशियालीहरू (n=65) सहित रिपोर्ट गर्नको लागि हामीसँग एशियाली जातीय समूहहरू पर्याप्त डाटा थियो। अन्य एशियालीहरूमा भारतीय, कम्बोडियन, फिलिपिनो, इन्डोनेसियाली, मलेशियन, ओकिनावान, पाकिस्तानी, सिंगापुरे, श्रीलंकाली, ताइवानी, भियतनामी, र नदेखिएका दक्षिण एशियालीको रुपमा आफूलाई पहिचान गराउने व्यक्तिहरू समावेश छन्।



# समग्र सिफारिसहरू

NYC मा एशियाली अमेरिकी समुदायको लागि, हाम्रो समग्र सिफारिसहरू निम्नानुसार छन्:

## तत्काल

1. एशियाली अमेरिकी उप-जनसंख्या – विशेष गरि यो सर्वेक्षणको अवधिमा कम खोप लगाइएकाहरू (जस्तै, बंगलादेशी र नेपाली व्यक्तिहरू) बीच COVID-19 आउटरिच, खोप र बुस्टर खोपको पहुँचलाई प्राथमिकता दिने।
2. खाना, आवास, र बेरोजगारी आवश्यकताहरू सम्बोधन गर्नको लागि अन्य सहयोगी सेवाहरूसँग COVID-19 राहत र रिकभरीको रकमहरु जोड्ने।
3. एशियाली अमेरिकीहरूका लागि मानसिक स्वास्थ्य सेवाहरूको लागि सहयोग र यसको विस्तार गर्न थप कोष र स्रोतहरू प्रदान गर्ने; एशियाली अमेरिकी वृद्ध वयस्कहरू र मानसिक स्वास्थ्य सेवाहरूको कम प्रयोग गर्ने अन्य उप-जनसंख्याहरूलाई लक्षित गर्नको लागि उनीहरुको संस्कृतिलाई ध्यानमा राखेर उपयुक्त मानसिक स्वास्थ्य आउटरिच कार्यक्रमहरू प्रदान गर्ने; र सांस्कृतिक रूपमा सक्षम परामर्शको लागि तालिमहरू प्रदान गर्ने।
4. एशियाली जातिवाद विरोधी, K-12 र विश्वविद्यालयको नस्लवाद विरोधी शिक्षाका प्रयासहरू, र बाइस्ट्यान्डर (अवलोकन कर्ता) मध्यस्थता तालिमहरू विरुद्ध सार्वजनिक सन्देश अभियानहरूलाई सहयोग गर्न कोष र स्रोतहरू विस्तार गर्ने।

## दीर्घकालीन

5. COVID-19 जाँच र खोप सम्बन्धी भाषा सहयोगको प्रावधानको लागि CBO भित्र पूर्वाधारलाई दिगो बनाउन कोषहरू छुट्याउने; सार्वजनिक सुविधाहरुको लागि दर्ता गर्न मद्दत गर्ने सेवाको विस्तार गर्ने; घृणामा आधारितमा घटनाका पीडितहरूलाई सांस्कृतिक रूपमा उपयुक्त कानूनी र मानसिक स्वास्थ्य स्रोतहरू उपलब्ध गराउने; र भाषा उपयुक्त सर्वेक्षण डाटा सङ्कलनमा सहयोग गर्ने। भाषामा विशेष सहयोगका आवश्यकताहरू (जस्तै, कोरियाली अमेरिकीहरूका लागि लिखित अनुवादहरू) तल व्याख्या गरिएको छ।
6. एशियाली अमेरिकी समुदायहरुको डाटाको लागि प्राय शैक्षिक र जनसाधरणको प्रयासहरुमा मात्र भर नगर्न उनीहरुको डाटा संकलनको लागि सिटी र स्टेटको प्रमुख पहुँच प्रयासहरुमा सुधार गर्ने।
7. जातीय समूह र रुचाइएको भाषा अनुरुप एशियाली अमेरिकीहरूको भिन्न-भिन्न डाटा प्रदान गर्ने प्रयासहरूलाई सहयोग गर्ने।